प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति साप्ताहिक
# Janajyoti Weekly

**बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं**

- लागूऔषध सामाजिक अपराध हो, कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दिऔं,
- लागूऔषधबाट हुने हानी र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

■ वर्ष: ४४ ■ अंक : ३९ ■ २०८२ चैत्र १५ गते आइतबार ■ Sunday, 29 Mar. 2026 ■ मूल्य रू. ७।-

## हावाहुरीको वितण्डा



दमक । शुक्रबार राति आएको हावाहुरी र असिनापानीले झापाका विभिन्न स्थानमा व्यापक क्षति पुऱ्याएको छ। तीव्र हावाका कारण घरका छाना उड्नुका साथै कृषि बाली नष्ट भएको छ भने बिजुलीका पोल ढल्दा विद्युत् सेवा समेत प्रभावित बनेको छ। जिल्लाभरि भौतिक संरचना र जनजीवनमा उल्लेख्य असर परेको जनाइएको छ । शिवसताक्षी नगरपालिका-६ अन्तर्गत शिवगन्ज बजार आसपासका क्षेत्रमा सबैभन्दा बढी क्षति देखिएको छ ।

वडाध्यक्ष मनोज खुलालका अनुसार धेरै घर तथा विद्यालयका छाना उडेका छन् । सडकमा रूख ढल्दा यातायात अवरूद्ध बनेको छ भने कृषिमा पनि ठूलो नोक्सानी पुगेको प्रारम्भिक आकलन गरिएको छ । हाल क्षतिको विस्तृत विवरण संकलन भइरहेको छ ।

भद्रपुर नगरपालिका-३ मा पनि हावाहुरीले स्थानीयका घरमा असर पुऱ्याएको छ। टिनको छानो भएका घरमा क्षति हुनुका साथै कुखुरापालनमा समेत नोक्सानी भएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार केही घरधनीका आवासमा क्षति पुग्नुका साथै असिनापानीले थप असर गरेको छ ।

यसैबीच दमक, कमल र हल्दिबारी क्षेत्रमा पनि घरका छाना उड्नुका साथै अन्य संरचनामा क्षति पुगेको छ । हल्दिबारी-१ मा मात्रै केही घर पूर्णरूपमा प्रभावित भएका छन्। जिल्लाभरि क्षतिको यथार्थ विवरण संकलन गर्ने काम जारी रहेको प्रहरीले जनाएको छ ।

मेचीनगर र गौरादहमा पनि हावाहुरीले ठूलो आर्थिक नोक्सानी गरेको छ। मेचीनगर(१० मा रहेको एक गोदामको जस्तापाता उड्दा भित्रका सामग्री भिजेर नष्ट हुँदा करिब ३० लाख रूपैयाँ बराबरको क्षति भएको अनुमान छ । गौरादहका विभिन्न वडामा घर, भान्साघर तथा पशुचौपायाका संरचनामा क्षति पुगेको छ, जहाँ लाखौँ रूपैयाँ बराबरको नोक्सानी भएको बाँकी ४ पेजमा ▸▸

## सुरक्षाकर्मीलाई गृहमन्त्री गुरुङको निर्देशन

दमक । गृहमन्त्री सुधन गुरूङले कानुन कार्यान्वयनमा दह्रोसँग उभिन सुरक्षाकर्मीहरूलाई निर्देशन दिएका छन् ।

आज बिहान जावलाखेलस्थित जिल्ला प्रहरी परिसर ललितपुरको निरीक्षणका क्रममा उनले पारदर्शी ढङ्गबाट कार्यसम्पादन गर्न निर्देशन दिएका हुन् ।

मन्त्री गुरूङले ललितपुरको सातदोबाटोस्थित प्रहरी वृत्तको पनि निरीक्षण गरेको जिल्ला प्रहरी परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए ।

## करेन्ट लागेर मृत्यु

दमक/ झापाको दमक नगरपालिका-८ सेतुमारी रोडमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ । शनिबार बिहान करिब ८ बजे तिर दमक-८ बस्ने २८ वर्षीय निरोज साह आफ्नै किराना पसलबाट पूर्वपट्टि रहेको आफ्नो तीनतले घरमा सीसी क्यामेराको तार तान्ने क्रममा दुर्घटना भएको हो । प्रहरीका अनुसार सो क्रममा साहले तानेको तार सोही स्थानमा रहेको विद्युतको हाइटेन्सन लाइनमा लाग्दा विद्युत सर्ट भई करेन्ट लागेको थियो। करेन्ट लागेर घाइते भएका उनलाई तत्काल उपचारका लागि दमकस्थित लाइफ लाइन अस्पताल लगिएको थियो । उपचारको क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेको जनाइएको छ ।

### कार्की आयोगको प्रतिवेदन कार्यान्वयन

# ओली र लेखक पक्राउ

### ◆ एमालेद्धारा देशव्यापी आन्दोलन ◆ दलहरुको प्रतिक्रिया





दमक/ रास्वपाका वरिष्ठ नेता बालेन्द्र साहको सरकार गठन भए लगत्तै 'एक्सन' मा उत्रिएको छ । सरकार गठन भएकै भोलिपल्टको एक्सनले अहिले नेपाली राजनीति तरङ्गीत बनेको छ ।

गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्दै नयाँ सरकारका गृहमन्त्री एवम् जेनजी आन्दोलनका अगुवा सुदन गुरूङ्को निर्देशन लगत्तै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र कांग्रेस नेता रमेश लेखक पक्राउ परेका छन् । उनीहरू जेनजी आन्दोलनको बेला प्रधानमन्त्री र गृहमन्त्री थिए । जेनजी आन्दोलनको छानविन गर्न गठित आयोगले दोषी देखाएको भन्दै शनिवार बिहान उनीहरूलाई निवासबाट गिरफ्तार गरिएको थियो ।

आफ्ना अध्यक्षलाई सरकारले गिरफ्तार गरेको विरोधमा नेकपा एमालेले देश व्यापी आन्दोलन शुरू गरेको छ । त्यसको विरोधमा एमाले कार्यकर्ताहरूले ठाउँ ठाउँमा बिरोध प्रदर्शन गरेका छन् । नेताहरू पक्राउपछि बसेको एमाले सचिवालयको बैठकले सो गिरफ्तारी प्रतिशोधपूर्ण, पूर्वाग्रही र गैरकानुनी भएको ठहर गर्दै तत्काल रिहाईको माग गरेको समेत गरेको छ । बैठकपछि सञ्चार मध्यमहरूलाई प्रतिक्रिया दिँदै महासचिव शंकर पोखरेलले पार्टी निकट भातृ संगठनहरूले भने आजैदेखि विरोध प्रदर्शन शुरु गर्ने पनि बताए । उनले आईतबार सबै जिल्ला समितिहरूले जिल्ला प्रशासन कार्यालयमार्फत ओलिको रिहाइका लागि सरकार समक्ष ज्ञापनपत्र बुझाउने बताए ।

**प्रदर्शनका क्रममा सातजना पक्राउ**

सिंहदरबारको दक्षिण गेट क्षेत्रमा प्रदर्शन गर्ने ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रदर्शनकारीहरूले निषेधित क्षेत्र तोड्दै विरोध जनाएपछि उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । सरकारी मुख्य प्रशासनिक केन्द्र अगाडि अनुमति बिना प्रदर्शन गर्न खोजेपछि प्रहरीले हस्तक्षेप गरेको हो ।

प्रहरी स्रोतका अनुसार पक्राउ परेका व्यक्तिहरूलाई सोधपुछका लागि हिरासतमा राखिएको छ भने आवश्यक कानुनी प्रक्रिया अघि बढाइने तयारी गरिएको छ ।

**ओली अस्पतालमा, लेखक गणमा**

शनिबार बिहान पक्राउ परेका एमाले अध्यक्ष केपी शर्मा ओली अस्पताल भर्ना भएका छन् । उनलाई अस्पतालको भिआइपी क्याबिनको ५०१ नम्बर बेडमा भर्ना गरिएको अस्पताल स्रोतले जानकारी दिएको छ । ओली मिर्गौला प्रत्यारोपणका बिरामी हुन् । उनको दुईपटकसम्म मिर्गौला प्रत्यारोपण भएको छ । उनलाई मिर्गौला प्रत्यारोपणका बिरामीलाई राख्ने बेडमै राखिएको अस्पतालले जनाएको छ ।

त्यहाँ भर्नाअघि ओलीलाई आकस्मिक कक्षको २७ नम्बर बेडमा राखिएको थियो। त्यहाँ उनको परीक्षणपश्चात भिआइपी क्याबिनमा भर्ना गरिएको हो । भक्तपुरको गुण्डुबाट पक्राउ गरी उनलाई प्रहरीले भद्रकालीस्थित जिल्ला प्रहरी परिसर ल्याएको थियो । त्यहाँ केही बेर राखेपछि उनलाई स्वास्थ्य जाँच गराउन त्रिवि शिक्षण अस्पताल महाराजगंज लगिएको थियो ।

यस्तै पूर्वगृहमन्त्री बाँकी ४ पेजमा ▸▸

## चीनले दियो बालेनलाई बधाई

दमक/ चीनका प्रधानमन्त्री ली छ्याङले नेपालको प्रधानमन्त्रीमा बालेन शाह नियुक्त भएकामा हार्दिक बधाई ज्ञापन गर्दै द्विपक्षीय सहकार्य र साझेदारीलाई सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रधानमन्त्री शाहलाई शनिबार एक बधाई सन्देश पठाउँदै चिनियाँ प्रधानमन्त्रीले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् । चीन र नेपाल पहाड र नदीले जोडिएका परम्परागत छिमेकी राष्ट्र भएका उल्लेख गर्दै प्रधानमन्त्री लीले सन्देशमा कूटनीतिक सम्बन्ध स्थापना भएको ७१ वर्षमा 'शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त'मा आधारित द्विपक्षीय सम्बन्ध विकास हुँदै आएको बताए । नेपाल स्थित चिनियाँ राजदूतावासका अनुसार प्रधानमन्त्री लीले नेपाल सरकारको सुशासन प्रयासमा चीनको समर्थन रहने जनाउँदै नेपालको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताप्रति निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका छन् । सन्देशमा प्रधानमन्त्री लीले प्रधानमन्त्री शाहसँग मिलेर 'बेल्ट एण्ड रोड इनिसिएटभ्' लाई अघि बढाउने तथा विभिन्न क्षेत्रमा उच्चस्तरीय सहकार्य विस्तार गर्ने बताएका छन् ।

## एकै दिन १६ स्थानमा आगजनी

दमक । देशभर एकैदिन १६ स्थानमा आगजनीका घटना भएका छन् । यस्तै, तीन स्थानमा डढेलो लागेको छ । सुक्खा मौसमका कारण देशभर आगजनीका घटनामा वृद्धि भएकाले सचेतना अपनाउन राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आग्रह गरेको छ ।

प्राधिकरणका अनुसार, चैत १२ गते बिहानदेखि चैत १३ गते बिहानसम्म देशभर २५ विपदका घटना भएका थिए । विपदका कारण रू ७४ लाख सात हजार बराबरको धनमालको क्षति भएको छ ।

घटना विवरण अनुसार, उखुको पात सल्काउँदा, खाना पकाउने क्रममा चुल्होबाट हावाले आगो उडाउँदा आगलागी भएका छन् । ग्यास चुहिएर, वा सलाई खेलाउँदा पनि आगलागी भएको छ । सामान्य सावधानी अपनाउँदा समेत रोकथाम गर्न सकिने भएपनि लापरवाहीका कारण आगलागीका घटनामा वृद्धि भएको विवरणहरूमा देखिन्छ । बाँकी ४ पेजमा ▸▸

## स्वदेश फिर्तीको पहल गरिदिन शरणार्थीको आग्रह

दमक/ झापा र मोरङका शिविरमा बसोबास गर्दै आएका भूटानी शरणार्थीहरूले सम्मानजनक स्वदेश फिर्तीको पहल गरिदिन प्रधानमन्त्रीसमक्ष आग्रह गरेका छन् । उनीहरूले हालै निर्वाचित प्रधानमन्त्री बालेन्द्र शाहालाई बधाई दिँदै दीर्घकालीन समाधानका लागिस्वेच्छिक तथा सम्मानजनक स्वदेश फिर्तीलाई प्राथमिकतामा राख्न लिखित निवेदन पेश गरेका हुन् ।

भुटान स्वतन्त्र जनमञ्चका महासचिव डीवी सुव्वा र राष्ट्रिय मेलमिलाप समिति भुटानका संयोजक कृष्णवीर तामाङ्द्वारा प्रेशीत पत्रमा १ लाख १३ हजार पाँच सय शरणार्थी विभिन्न मुलुकमा पुनर्स्थापित भएको र शिविरमा अझै ६ हजार ५ सय शरणार्थी विभिन्न समस्याsँग जुध्दै संघर्ष गरि रहेको उल्लेख छ ।

निवेदनमा विगत ३३ वर्षदेखि भूटान सरकारको दमनका कारण विस्थापित भई नेपालमा शरण लिइरहेका नागरिकलाई नेपाल सरकारले आश्रय, सुरक्षा, खाद्यान्न, स्वास्थ्य र शिक्षाजस्ता आधारभूत सेवा उपलब्ध गराउँदै आएको उल्लेख गरिएको छ । तर, नेपाल-भूटानबीच विभिन्न चरणमा भएका वार्ताबाट ठोस निष्कर्ष ननिस्किएपछि समस्या जटिल बन्दै गएको उनीहरूको भनाइ छ ।

शरणार्थीहरूले तेस्रो देश पुनर्वास कार्यक्रममार्फत ठूलो संख्यामा विभिन्न मुलुकमा पुनर्वास भए पनि स्वदेश फर्किन चाहनेहरूको माग उपेक्षित भएको गुनासो गरेका छन् । त्यसैले संयुक्त राष्ट्रसंघीय निकायहरूको समन्वयमा

## पत्रकारमाथि एमाले कार्यकर्ताको दुर्व्यवहार



*दमक । नेकपा एमालेको सचिवालय बैठक कभरेज गर्न पुगेका पत्रकारमाथि पार्टी कार्यकर्ताले दुर्व्यवहार गरेका छन् ।*

*च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा शनिबार भएको बैठकको रिपोर्टिङका क्रममा कार्यकर्ताले पत्रकारमाथि दुर्व्यवहारसहित आक्रमण गरेका हुन् । कान्तिपुरका दया दुदराज, अनलाइनखबरका कौसल काफ्ले र प्रसुन संग्रौला दुर्व्यवहारमा परेका हुन् ।*

*पत्रकारले फोटो खिच्न खोज्दा कार्यकर्ताले गालीगलौज गर्दै दुर्व्यवहार गरेको जनाइएको छ । 'देश जल्दा तिमीहरूको क्यामेरा कहाँ थियो ?' भन्दै पत्रकारमाथि हातपात गरिएको बताइएको छ । यसअघि पनि केही पत्रकारलाई लखेटिएको उल्लेख गरिएको छ । शनिबार बिहान अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली पक्राउ परेपछि एमालेले आकस्मिक सचिवालय बैठक बोलाएको थियो ।*

## चैत १९ गतेबाट सुरू हुने एसईईको तयारी पूरा

झापा । राष्ट्रिय परीक्षा बोर्डले यही चैत १९ गतेदेखि सुरू हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) को तयारी पूरा भएको जनाएको छ ।

बोर्डले देशभरका सबै परीक्षा केन्द्रबाट बिहान ८ बजेदेखि एकै समयमा एसईई परीक्षा सुरू हुने जनाएको हो ।

चैत १९ गतेदेखि सुरू भई २९ गते सम्पन्न हुने एसइई परीक्षामा यो वर्ष ५ लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी हुनेछन् । परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार नियमिततर्फ ४ लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिनेछन् ।

परीक्षा दिनेमा छात्राको सत्या बढी छ । यो वर्ष २ लाख ५७ हजार ६१३ छात्रा, २ लाख ५४ हजार ८०१ छात्र बाँकी ४ पेजमा ▸▸


## प्राच्य विज्ञानको साधाणसभा

**दमक/** दमक ४ स्थित प्राच्य विज्ञान अनुसन्धान संस्थानको दोश्रो सधारणसभा शनिबार सम्पन्न भएको छ । ताराबारी डिपु स्थित ऋतम्भराकुञ्जमा संस्थानले दोश्रो साधारणसभा गरेको हो । स्वस्ती वाचन सहित कार्यक्रमको उद्घाटन गरिएको थियो ।

प्राचिन विज्ञानका विभिन्न विषयका बारेमा अध्ययन् अनुसन्धान गर्ने लक्ष्य सहित संस्था स्थापना गरिएको उपाध्यक्ष भुमिप्रसाद दाहालले जानकारी दिए । कार्यक्रममा संस्थाका कोषाध्यक्ष भवकृष्ण खतिवडाले आर्थिक प्रतिवेदन पेश गरेका थिए । यस्तै संस्थाको प्रतिवेदन पेश गर्दै अध्यक्ष प्रा. मोहन भण्डारीले प्राचिन विज्ञान र आधुनिक विज्ञानको तुलना र अध्ययन संस्थाको लक्ष्य भएको जनाएका थिए । उनले प्राचिन विज्ञान र दर्शनको अध्ययन विना आधुनिक विज्ञानको अध्ययन बाँकी ४ पेजमा ▸▸

## हेटौंडा सिमेन्टबाट उत्पादन पुनः सुरू

काठमाडौं । लामो समयदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले क्लिङ्कर उत्पादन सुरू गरेको छ । गत भदौ २४ गतेदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगले क्लिङ्कर उत्पादन सुरू गरेको उद्योगका सूचना अधिकारी वरिष्ठ अधिकृत हरेराम आचार्यले जानकारी दिए । क्लिङ्कर उत्पादन गर्ने र प्याकिङ्को काम गरेसँगै उत्पादित सिमेन्ट बजारमा पठाइने तयारी भइरहेको उनले बताए । सूचना अधिकारी आचार्यले भने, "हामीसँग दुई सातालाई पुग्ने कच्चापदार्थ छ, त्यसैबाट क्लिङ्कर उत्पादन भइरहेको छ भने थप कच्चा पदार्थ व्यवस्थापन भइरहेको छ ।"



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५ ) दाँतको OPD सेवा ।

**आवद्ध डाक्टरहरू**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक- ११
कार्यालय : दमक-५ फोन:५८०२७२

# सम्पादकीय....

## सरकार उत्रियो "एक्सन"मा

नयाँ जनादेशसँगै गठन भएको बालेन्द्र शाह नेतृत्वको सरकार २४ घण्टा नबित्दै 'एक्सन'मा उत्रिएपछि देशको राजनीतिक तरंगीत बनाएको छ । जनताले परिवर्तनको अपेक्षामा दिएको प्रचण्ड समर्थन, सुशासन र भ्रष्टाचारविरूद्धको कठोर अडान, र प्रशासनिक संरचनामा तत्काल देखिने हस्तक्षेप- यी सबैले नयाँ सरकारलाई आरम्भमै चर्चाको केन्द्रमा पुऱ्याएको मात्र छैन आम नेपालीलाई आशासहितको उत्साह जगाएको छ । सरकारको यो २४ घण्टा नबित्दै चालिएको कदम दीर्घकालीन सुधारको आधार बन्न सक्छ, वा केवल प्रतीकात्मक आक्रामकतामै सीमित रहन्छ ? भन्ने मूल प्रश्न पनि खडा गरेको छ ।

सरकार गठनसँगै पूर्व पदाधिकारीमाथि गरिएको कारबाही, मन्त्रालयको संख्या घटाउने निर्णय, र १०० दिने कार्यसूची स्वीकृत गर्ने जस्ता कदमहरुले शासनशैलीमा परिवर्तनको संकेत दिएका छन् । विगतका सरकारहरुमा देखिएको ढिलासुस्ती, निर्णयहीनता र राजनीतिक सम्झौतावादबाट दिक्क भएका नागरिकका लागि यस्ता कदम स्वाभाविक रुपमा आकर्षक देखिन्छन् । विशेषतः 'जेनजी आन्दोलन'बाट उत्पन्न जनदबाबलाई सम्बोधन गर्ने प्रयासका रुपमा यसलाई सकारात्मक रुपमा लिन सकिन्छ । नवनियुक्त मन्त्रीहरूको पदभार ग्रहणका क्रममा लिएका निर्णयहरूले पनि उक्त कामलाई प्राथमिकतामा राखेको थियो ।

तर, विधिको शासन लोकतन्त्रको मेरूदण्ड हो । कुनै पनि कारबाही- जति नै लोकप्रिय किन नहोस्- कानुनी प्रक्रिया, प्रमाण र न्यायिक स्वतन्त्रताको सीमाभित्र हुनुपर्छ । यदि 'एक्सन'को नाममा प्रक्रिया मिचिन्छ भने, त्यो दीर्घकालमा लोकतन्त्रका लागि खतरनाक नजिर बन्न सक्छ । यस सन्दर्भमा सरकारले पारदर्शिता, जवाफदेहिता र संस्थागत प्रक्रियालाई प्राथमिकतामा राख्नुपर्छ । मन्त्रालय गाभ्ने र संरचना सानो बनाउने निर्णयले प्रशासनिक खर्च घटाउने र कार्यकुशलता बढाउने अपेक्षा गरिएको छ । तर, विगतका अनुभवले देखाएको छ कि केवल संरचना परिवर्तनले मात्र सुधार हुँदैनह्य कार्यसंस्कृति, दक्षता र समन्वय पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । यदि गाभिएका मन्त्रालयहरुबीच स्पष्ट जिम्मेवारी र कार्यविभाजन नभए, त्यसले झन् जटिलता निम्त्याउन सक्छ ।

मन्त्रीहरुले गरेका प्रारम्भिक निर्णयहरु- आर्थिक अवस्था अध्ययन, कानुनी सुधार, सेवा प्रवाह सरल बनाउने यी सबै सही दिशाका संकेत हुन् । विशेषगरी, भ्रष्टाचारप्रति 'शून्य सहनशीलता'को नीति व्यवहारमा कसरी कार्यान्वयन हुन्छ भन्ने कुराले सरकारको विश्वसनीयता निर्धारण गर्नेछ । केवल घोषणा होइन, ठोस परिणाम नै यहाँ निर्णायक हुनेछ ।

अन्ततः, बालेन्द्र शाह नेतृत्वको सरकार 'एक्सन'को छविसहित अघि बढेको छ । तर, प्रारम्भिक आवेगलाई संस्थागत सुधारमा रुपान्तरण गर्नु नै यसको वास्तविक परीक्षा हुनेछ । जनताको अपेक्षा उच्च छ, समय सीमित छ, र चुनौतीहरु गम्भीर छन्। यदि सरकारले विधि, पारदर्शिता र समावेशिताको मार्ग नछोडी परिणाम दिन सक्छ भने, यो 'एक्सन' नयाँ राजनीतिक संस्कारको सुरूआत बन्न सक्छ । अन्यथा, यो पनि विगतका अधुरा प्रयोगहरुको सूचीमा थपिन बेर लाग्ने छैन ।

# युद्धको छायाँमा नेपाली श्रमिक



रोशन देव

**युद्धको प्रभाव केवल आर्थिक पक्षमा सीमित हुँदैन। यसले नेपाली प्रवासीहरुको मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र व्यक्तिगत सुरक्षामा गहिरो असर पार्छ। अनिश्चितता, डर, परिवार प्रतिको चिन्ता र भविष्यप्रतिको असमञ्जसले उनीहरुलाई निरन्तर तनावमा राख्छ। विगतका द्वन्द्वहरुले देखाइसकेको छ कि यस्ता परिस्थितिमा निर्दोष श्रमिकहरु सबैभन्दा बढी पीडित हुन्छन्।**

मध्यपूर्वमा चर्किँदै गएको युद्ध केवल क्षेत्रीय शक्ति सन्तुलनको विषय मात्र होइन, यो विश्वव्यापी प्रभाव बोकेको एउटा गम्भीर संकट हो, जसको प्रत्यक्ष असर हजारौँ किलोमिटर टाढा रहेका नेपाली प्रवासीहरूको जीवनमा परिरहेको छ।

खाडी मुलुकहरु यूएई, कतार, साउदी अरब, कुवेत, बहराइन र ओमान जहाँ लाखौँ नेपाली युवाहरूले आ ँनो श्रम, पसिना र समय समर्पण गरेका छन्, आज त्यही क्षेत्र अस्थिरताको चपेटामा पर्दै गएको छ। यसले केवल उनीहरूको व्यक्तिगत जीवनमा होइन, नेपाल राष्ट्रको आर्थिक संरचना, सामाजिक स्थायित्व र भविष्यको दिशामै प्रश्नचिह्न खडा गरेको छ ।

नेपालबाट वैदेशिक रोजगारीका लागि बाहिरिने युवाहरूको संख्या हरेक दिन बढिरहेको छ। देशभित्र पर्याप्त रोजगारीको अभाव, राजनीतिक अस्थिरता, कमजोर औद्योगिक विकास र अवसरको कमीले नेपाली युवालाई बाध्य बनाएको छ कि उनीहरु आ ँनो घरपरिवार छोडेर बिदेसिनुपरोस्। खाडी मुलुकहरु नेपाली श्रमिकहरूको प्रमुख गन्तव्य बनेका छन्, जहाँ उनीहरु निर्माण, सेवा, सुरक्षा तथा अन्य श्रमप्रधान क्षेत्रमा कार्यरत छन्। तर यथार्थ के हो भने, यी क्षेत्रमा काम गर्ने अधिकांश नेपालीहरु न्यूनतम सुरक्षा, सीमित अधिकार र उच्च जोखिमको बीचमा आ ँनो जीवन चलाइरहेका छन्। यस्तो अवस्थामा युद्धको सानो संकेतले पनि उनीहरूको जीवनमा ठुलो संकट ल्याउन सक्छ। कम्पनी बन्द हुने, परियोजनाहरु रोकिने, तलब रोकिने, वा आकस्मिक रूपमा देश फर्किनुपर्ने अवस्था सिर्जना हुनु कुनै असम्भव कुरा होइन।

यस सन्दर्भमा नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको भूमिका झन् गम्भीर रूपमा बुझ्नुपर्ने हुन्छ। आज नेपालको अर्थतन्त्र ठुलो मात्रामा विदेशबाट आउने रेमिट्यान्समा निर्भर छ। लाखौँ परिवारहरूको दैनिक जीवन, बालबालिकाको शिक्षा, स्वास्थ्य सेवा, घर निर्माण र सामाजिक प्रतिष्ठा सबै रेमिट्यान्सले धानेको छ। ग्रामीण नेपालमा त झन् रेमिट्यान्स बिना जीवन कल्पना गर्न नै गाह्रो भइसकेको छ। यस्तो अवस्थामा यदि मध्यपूर्वमा युद्ध लम्बिन्छ वा ती देशहरूको आर्थिक गतिविधि प्रभावित हुन्छ भने, त्यसको सीधा असर नेपालमा आउने रेमिट्यान्समा पर्छ। रेमिट्यान्स घट्नु भनेको केवल आम्दानी घट्नु मात्र होइन, यसले समग्र अर्थतन्त्रमा मन्दी ल्याउन सक्छ, बेरोजगारी बढाउन सक्छ र सामाजिक असन्तुलन सिर्जना गर्न सक्छ। युद्धको अर्को गम्भीर प्रभाव कच्चा तेल (क्रुड आयल) को मूल्यमा देखिन थालेको छ। वर्तमान संकटका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रति ब्यारेल १२० अमेरिकी डलरभन्दा माथि पुगिसकेको छ र विज्ञहरूका अनुसार यो मूल्य २०० डलरसम्म पुग्ने सम्भावना समेत व्यक्त गरिएको छ। यस्तो तीव्र वृद्धि केवल तेल उत्पादक देशहरूका लागि मात्र होइन, सम्पूर्ण विश्व अर्थतन्त्रका लागि गम्भीर संकेत हो। तेलको मूल्य बढ्दा यातायात, उत्पादन, खाद्यान्न र दैनिक उपभोग्य वस्तुहरूको मूल्य स्वतः बढ्छ। यसले विश्वव्यापी मुद्रास्फीति बढाउँछ, बजार अस्थिर बनाउँछ र कमजोर अर्थतन्त्र भएका देशहरूलाई अझ गहिरो संकटमा धकेल्छ ।

नेपालजस्तो आयातमुखी देशका लागि यो अवस्था अझ चुनौतीपूर्ण हुन्छ। पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा ढुवानी लागत बढ्छ, जसको प्रत्यक्ष असर बजारमा देखिन्छ। महँगी बढ्छ, जनताको क्रयशक्ति घट्छ र आर्थिक असन्तुलन झन् गहिरिन्छ। यसले केवल शहरमा मात्र होइन, ग्रामीण क्षेत्रसम्म प्रभाव पार्छ। दैनिक जीवनयापन महँगो बन्छ र सामाजिक असन्तोष बढ्न सक्छ।

रोजगारीको सवाल यस संकटको मूल जड हो। नेपालभित्रै पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा युवाहरु बिदेसिन बाध्य भएका छन्। उनीहरु ऋण लिएर, परिवारको आशा बोकेर र भविष्यको सपना देखेर बिदेसिन्छन्। तर जब त्यही गन्तव्य क्षेत्र युद्धको जोखिममा पर्छ, तब उनीहरूको सपना, परिवारको भविष्य र राष्ट्रको आर्थिक आधार सबै एकैचोटि संकटमा पर्छ। यो केवल व्यक्तिगत विफलता होइन, यो राज्यको नीतिगत असफलताको परिणाम हो। यदि नेपालले आ ँनो युवालाई स्वदेशमै सम्मानजनक रोजगारी दिन सकेको भए, आज यो स्तरको निर्भरता र जोखिम सायद हुँदैनथ्यो।

युद्धको प्रभाव केवल आर्थिक पक्षमा सीमित हुँदैन। यसले नेपाली प्रवासीहरूको मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र व्यक्तिगत सुरक्षामा गहिरो असर पार्छ। अनिश्चितता, डर, परिवारप्रतिको चिन्ता र भविष्यप्रतिको असमञ्जसले उनीहरूलाई निरन्तर तनावमा राख्छ। विगतका द्वन्द्वहरूले देखाइसकेको छ कि यस्ता परिस्थितिमा निर्दोष श्रमिकहरु सबैभन्दा बढी पीडित हुन्छन्। उनीहरु न त युद्धका पक्ष हुन्, न त निर्णयकर्ताहरु तर परिणाम उनीहरूले नै भोग्नुपर्छ।

यस्तो गम्भीर परिस्थितिमा नेपाल सरकारको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। राज्य केवल कर संकलन गर्ने वा रेमिट्यान्सको तथ्यांक गणना गर्ने संस्था होइन, यो आ ँना नागरिकहरूको सुरक्षा, सम्मान र अधिकारको ग्यारेन्टी गर्ने संरचना हो। तर यथार्थमा हेर्दा, वैदेशिक रोजगारीसँग सम्बन्धित नीतिहरु अझै कमजोर देखिन्छन्। दूतावासहरूको सक्रियता पर्याप्त छैन, आपतकालीन उद्धार योजना स्पष्ट र प्रभावकारी देखिँदैन, र श्रमिकहरूको सुरक्षाका लागि कडा कूटनीतिक पहलको अभाव छ। यस्तो अवस्थामा सरकारले तत्कालै आ ँनो भूमिका पुनःपरिभाषित गर्न आवश्यक छ। युद्धको अवस्थामा रहेका देशहरूमा रहेका नेपालीहरूको अवस्थाको निरन्तर अनुगमन, आवश्यक परे तुरुन्त उद्धारको व्यवस्था, सुरक्षित आवास र तलबको सुनिश्चितता तथा सम्बन्धित देशहरूसँग कूटनीतिक पहल अनिवार्य छ।

दीर्घकालीन रूपमा हेर्दा, नेपालले आ ँनो श्रम नीतिमा आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ। केवल खाडी मुलुकहरूमा निर्भर रहने अवस्था दीर्घकालीन रूपमा जोखिमपूर्ण छ। रोजगारीका गन्तव्यहरु विविधीकरण गर्नुपर्ने, युरोप, एशिया तथा अन्य सम्भावित क्षेत्रहरूमा अवसर खोज्नुपर्ने, र सबैभन्दा महत्वपूर्ण कुरा स्वदेशमै रोजगारी सिर्जना गर्ने दीर्घकालीन योजना लागू गर्नुपर्ने समय आएको छ। कृषि, उद्योग, पर्यटन र प्रविधि क्षेत्रमा लगानी बढाएर युवालाई देशभित्रै अवसर दिन सकियो भने मात्र यस्तो संकटबाट दीर्घकालीन रूपमा बच्न सकिन्छ ।

यो संकटलाई केवल नकारात्मक दृष्टिले मात्र हेर्नु हुँदैन। यो एउटा चेतावनी पनि हो, जसले हामीलाई हाम्रो कमजोरी देखाएको छ। यदि नेपालले अब पनि आ ँनो अर्थतन्त्रलाई उत्पादनमुखी बनाउन सकेन, यदि हामी अझै पनि रेमिट्यान्समै निर्भर रह्यौँ भने, भविष्यमा आउने हरेक अन्तर्राष्ट्रिय संकटले हामीलाई यस्तै गरी हल्लाइरहनेछ। त्यसैले अब समय आएको छ आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने, श्रमलाई सम्मानजनक बनाउने र युवालाई स्वदेशमै सम्भावना दिने।

मध्यपूर्वको युद्धले हामीलाई एउटा कठोर सत्य सम्झाएको छ विदेशमा पसिना बगाउने नेपालीहरु केवल श्रमिक होइनन्, उनीहरु राष्ट्रको आर्थिक मेरूदण्ड हुन्। तर कुनै पनि राष्ट्रले आ ँनो मेरूदण्डलाई असुरक्षित अवस्थामा छोड्न मिल्दैन। राज्य, समाज र प्रवासी समुदाय सबैले मिलेर यो संकटलाई सामना गर्नुपर्छ। शान्ति, स्थिरता र मानवताको पक्षमा उभिनु आजको आवश्यकता हो, किनकि युद्धले कहिल्यै कसैलाई जिताउँदैन यसले केवल पीडा, विनाश र अनिश्चितता मात्र दिन्छ ।

नेपालको भविष्य खाडीको रेमिट्यान्समा होइन, आ ँनै भूमि, श्रम र दूरदर्शी नीतिमा निर्भर हुनुपर्छ। यही बाटोले मात्र दीर्घकालीन स्थायित्व, समृद्धि र सम्मानजनक भविष्य सुनिश्चित गर्न सक्छ ।

## ३ फिट र २० केजीका डाक्टर



जन्मदेखि नै बौनोपन (ड्वार्फिज्म) र ७२ प्रतिशत हिँडडुलसम्बन्धी अपांगता (लोकोमोटर डिसएबिलिटी) भएका गुजरातका गणेश बरैया आज 'डा. गणेश बरैया' भएर सरकारी अस्पतालमा बिरामीको सेवा गरिरहेका छन् । उनीको उचाइ ३ फिट र तौल २० केजी छ ।

सन् २०१८ मा उनले राष्ट्रिय योग्यता तथा प्रवेश परीक्षा (नीट) परीक्षा पास गरे। डाक्टर बन्ने बाटो खुलेको जस्तो देखिए पनि मेडिकल काउन्सिल अफ इन्डियाले उनको शारीरिक अवस्थालाई कारण देखाउँदै डाक्टरी पढ्न अस्वीकार गऱ्यो। यो निर्णयले उनलाई केही समय निराश बनायो, तर उनले हार मानेनन् । विद्यालयका प्रिन्सिपलको साथ लिएर उनले न्यायका लागि अदालतको ढोका ढकढक्याए । गुजरात उच्च अदालत पनि उनको पक्षमा रहेन। अन्ततः उनि सर्वोच्च अदालत गए जहाँ अपांगताको आधारमा कसैलाई अवसरबाट वञ्चित गर्न नमिल्ने भन्दै उनको पक्षमा फैसला गरियो। यही निर्णयले उनको जीवनको दिशा बदलिदियो । त्यसपछि २०१९ मा उनले भावनगर मेडिकल कलेजमा भर्ना भई एम.बि.बि.एस. अध्ययन पूरा गरे। अध्ययनसँगै उनले इन्टर्नशिप र आवश्यक तालिम पनि सफलतापूर्वक सम्पन्न गरे। सामान्य किसान परिवारमा जन्मिएका बरैया नौ दाजुभाइमध्ये आठौँ हुन्। १० वर्षको उमेरमा एक सर्कस टोलीले उनलाई ५ लाख रूपैयाँमा 'किन्न' प्रस्ताव गरेको थियो। तर उनका बुवाले उक्त प्रस्ताव अस्वीकार गर्दै उनीहरूलाई त्यहाँबाट भगाए । नोभेम्बर २६ मा उनको जीवनले नयाँ मोड लियो, जब उनलाई भावनगर जनरल अस्पतालमा 'बन्डेड मेडिकल अफिसर वर्ग(२' का रूपमा औपचारिक नियुक्ति दिइयो। अहिले उनी सिभिल अस्पतालमा मेडिकल अफिसरका रूपमा कार्यरत छन्। उनको कथा केवल व्यक्तिगत सफलता होइन, अवसर र दृढ इच्छाशक्तिले जीवन कसरी बदल्न सक्छ भन्ने सशक्त उदाहरण हो ।

## पहिलो पटक संघीय सरकारमा ३३ प्रतिशत महिला



दमक । नवनियुक्त प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) नेतृत्वको १५ सदस्यीय मन्त्रिपरिषद्मा पहिलोपटक ५ जना महिला सांसद मन्त्री बन्न सफल भएका छन ।

राज्यले ग्यारेन्टी गरे पनि अहिलेसम्म संघीय क्याबिनेटमा ३३ प्रतिशत महिला पुग्न पाएका थिएनन् । यससँगै प्रधानमन्त्री शाहको मन्त्रीपरिषद्ले संविधानअनुरूप ३३ प्रतिशत महिला सहभागितालाई पहिलोपटक सुनिश्चित गरेको हो ।

बालेन्द्रको क्याबिनेटमा समानुपातिक र प्रत्यक्ष दुवैतिरबाट महिलाले मन्त्री बन्न पाएका छन् ।

बालेनले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीमा सीता वादी, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीमा सोबिता गौतम, सामान्य प्रशासन मन्त्रीमा प्रतिभा रावल, स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा निशा मेहता र कृषि मन्त्रीमा गीता चौधरी नियुक्त गरेका छन् ।

संविधानको धारा ३८ (४) मा उल्लेख गरिए अनुसार, 'राज्यका हरेक निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक सुनिश्चित गर्छ, जसअनुसार ३३ प्रतिशत महिला सहभागिता अनिवार्य मानिन्छ ।'

संविधानको धारा ८४ (२) मा प्रतिनिधि सभामा कम्तीमा एकतिहाइ अर्थात् ३३ प्रतिशत महिला सदस्य प्रतिनिधित्व सुनिश्चित गरिएको छ ।

यसका साथै, प्रदेश सभामा पनि धारा १७६ अनुसार ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य गरिएको छ । तर यसअघिको अभ्यासमा त्यो व्यवस्था कार्यान्वयन हुन सकेको थिएन ।

## किर्तिमानी प्रधानमन्त्री

## बालेन्द्र शाह



- ◆ बालेन्द्र शाह नेपालका सबैभन्दा युवा (३६ वर्ष) प्रधानमन्त्री बने ।
- ◆ बहुदलीय शासनपछि जन्मिएका व्यक्ति प्रधानमन्त्री बन्ने पहिलो उदाहरण बने ।
- ◆ राणाशासनकालमा जन्मिएका पुराना नेताहरूको परम्परा तोड्दै नेतृत्वमा पुगे ।
- ◆ शेरबहादुर देउवा (७९ वर्ष) जस्ता पुराना नेताको साटो युवा पुस्ताले नेतृत्व सम्हाले ।
- ◆ सुशीला कार्की (७३ वर्ष) बाट सत्ता हस्तान्तरण पाउने सबैभन्दा कम उमेरका प्रधानमन्त्री बने ।
- ◆ केपी शर्मा ओली लाई उनकै क्षेत्र झापा-५ बाट हराउँदै ठूलो राजनीतिक उलटफेर गरे । फागुन २१ को निर्वाचनबाट ६८,३४८ मत प्राप्त हुँदा ओलीलाई झण्डै ५० हजार मतान्तरले पराजित ।
- ◆ नेपालको इतिहासमै सर्वाधिक मत ल्याउने सांसद बने ।
- ◆ मधेशी समुदायबाट प्रधानमन्त्री बन्ने पहिलो व्यक्ति बने ।
- ◆ बहुदलीय प्रणालीभित्र निर्वाचन जितेर प्रधानमन्त्री बन्ने सबैभन्दा युवा नेता बने ।
- ◆ पेशाले इन्जिनियर र ऱ्यापर पृष्ठभूमि भएका व्यक्ति ।
- ◆ २०७९ को स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवार भएर ठूला दल कांग्रेस, एमालेकालाई पराजित गर्दै काठमाडौं महानगरका मेयर बने ।
- ◆ अन्तर्राष्ट्रिय मिडिया टाइम्स म्यागेजले विश्वका प्रभावशाली १०० नेतामा समावेश गरेका बालेनको अन्तर्राष्ट्रिय मिडियामा चर्चा ।
- ◆ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेको करिब २.५ महिनामै प्रधानमन्त्रीमा नियुक्त हुनु असाधारण र दुर्लभ ।
- ◆ नेपालको ४३ औं प्रधानमन्त्री बने ।
- ◆ राष्ट्रपति रामचन्द्र पौडेलबाट शपथ
- ◆ १५ सदस्यीय सानो आकारको मन्त्रिपरिषद् गठन ।
- ◆ ७ जना ४० वर्षमुनिका (युवा नेतृत्व) उमेर, समुदाय, मतसंख्या, र राजनीतिक यात्राको हिसाबले बालेनको प्रधानमन्त्री बन्ने यात्रा नेपालको इतिहासमै अनौठो र कीर्तिमानी ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# १७ वर्ष पछि सिंहदरवारमा संसद्



काठमाडौं/ नीति निर्माणको सर्वोच्च थलो संसद् १७ वर्ष पछि सिंहदरवारमा फर्किएको छ । संविधान सभाको निर्वाचनपछि २०६५ जेठदेखि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वर प्रवेश गरेको संसद् त्यसयता पहिलो पटक सिंहदरबार नै फर्केको हो । सिंहदरबारस्थित पुरानो संसद् भवन साँघुरो भएपछि संविधान सभाको निर्वाचनपछि २०६५ मा ६०१ सदस्य अट्ने गरी संसद् भवनका लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र रोजिएको थियो ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले नवनिर्मित भवन पूर्णरूपमा तयार नभए पनि संसद् बैठक निर्माणाधीन आ ँनै भवनमा बस्नयोग्य बनेको बताएका छन् । उनले निर्माणाधीन भवनमै संसद्को बैठकसमेत बस्ने जानकारी दिए । शपथग्रहणमै प्राविधिक परीक्षण सफलतापूर्वक सम्पन्न भएको र अधिवेशन आह्वान भएपछि सुरक्षालगायत अन्य व्यवस्थासहित नयाँ भवनमै संसद् बैठक बस्ने तयारी रहेको उनले जनाए । करिब १५३ रोपनी क्षेत्रफलमा सिंहदरबारको उत्तरपट्टि निर्माणाधीन संसद् भवनको निर्माण कार्यले पूर्णता पाउन अझै केही महिना लाग्ने छ ।

गत २३ र २४ भदौको जेन(जी आन्दोलनका क्रममा आगलागीबाट बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको भवन ध्वस्त भएको थियो । राष्ट्रियसभाको बैठक भने यसअधि गत ४ माघदेखि

दस्तावेज

# बालेन नेतृत्वको मन्त्रीपरिषद्को पहिलो चार निर्णय

दमक । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को नेतृत्वमा गठित नयाँ सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले गरेका चार वटा मुख्य निर्णयहरु सार्वजनिक गरिएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको बैठकले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेललाई सरकारको प्रवक्तामा नियुक्त गर्ने निर्णय गरिएको छ ।

बैठकका निर्णय सार्वजनिक गर्दै उनले गत भदौ २३ र २४ गते भएको 'जेनजी आन्दोलन' तथा यसअघि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात(अज्ञात शहीदहरूप्रति भावपूर्ण सम्मान एवं हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरिएको बताए ।

यसैगरी बैठकले सरकारको शासकीय सुधारका लागि तयार पारिएको '१०० कार्यसूची' स्वीकृत गरेको छ । उक्त कार्यसूची भोलिसम्ममा सार्वजनिक गरिने प्रवक्ता पोखरेलले जानकारी दिए ।

यसैगरी भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने निर्णय भएको उनले बताए ।

आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रको हकमा अध्ययन समिति गठन गरी सो समितिले पेस गर्ने सिफारिस बमोजिम हुने उनको भनाइ छ ।

अन्यको हकमा सो आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकाय (गृह मन्त्रालय लगायत) लाई निर्देशन दिने उनले बताए ।

विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# दादाभाई नौरोजी



◆ सुमित्रा सिंह

**भारत : कांग्रेसका संस्थापक-सदस्य**
**जन्म : सन् १८२५ मृत्यु : सन् १९१७**

उन्नाइसौ शताब्दीमा दादाभाई नौरोजी ती व्यक्तिहरु मध्ये प्रमुख थिए, जसको ब्रिटिश सरकारमा पनि सम्मान थियो र भारतीय राष्ट्रिय कांग्रेसका संस्थापकहरूमा भएको कारणले भारतीय जनताहरु पनि उनलाई पितामह समान मान्दथे । दादाभाई नौरोजीले स्वयं आफ्ना कार्यहरूद्वारा भारतीय स्वतन्त्रता-संग्राममा न केवल हात हाले, बरु अनेक भारतीय शिक्षित मानिसहरूलाई पनि यस कामको लागि आकर्षित गरे ।

दादाभाई नौरोजीको जन्म ४ सेप्टेम्बर, १८२५ मा एक फारसी परिवारमा भएको थियो । १८४५ मा उनले बी.ए. पास गरे र भारतमा अनेक कार्य गर्दै दस वर्षपछि उनी लण्डन गए । त्यहाँका प्रमुख व्यवसायी भिखाजी कामाको व्यवसायमा हात हाल्न थाले । लण्डनमा रहँदा उनले ब्रिटेनमा रहने भारतीयहरूलाई संगठित गरेर 'इण्डियन सोसाइटी को स्थापना गरे। केही समयपछि उनलाई ब्रिटिश संसद्को लागि छनोट गरियो । संभवतः दादाभाई नौरोजी पहिलो या दोस्रो व्यक्ति थिए, जसलाई ब्रिटेनको संसद्को सदस्य हुने सौभाग्य प्राप्त भयो ।

प्रारम्भमा जुन दिन कांग्रेस सरकारी अधिकारीहरूको संस्था थियो र त्यसको काम केवल ब्रिटिश सरकारसम्म आफ्ना समस्याहरूको सूचना दिनु थियो, दादाभाई नौरोजीले कांग्रेसमा भाग लिन प्रारम्भ गरे। उनी ती दिनहरूमा भारतमा निकै लोकप्रिय थिए र यही कारणले उनलाई १८८६ र १९०६ मा कांग्रेस अधिवेशनहरूको अध्यक्ष छनोट गरियो । दादाभाई नौरोजी सरकारसम्म केवल गुनासोहरु पुर्‍याउनमा मात्र सन्तुष्ट थिएनन् । उनले त्यस समय स्पष्ट शब्दमा स्वतन्त्रताको माग गरेका थिए । त्यसैले उनलाई ब्रिटिश सरकारले सजाय दिनको लागि अदालतमा बोलायो । अदालतमा बस्ने प्रयत्न गरेको कारणले उनीमाथि जरिवाना गरियो ।

दादाभाई नौरोजी कांग्रेसका ती वयोवृद्ध मध्ये एक मानिन्छन्, जसले स्वतन्त्रताको मागको साथ-साथै ब्रिटिश सरकारसँग सम्पर्क बनाइराख्ने महत्त्वलाई नजरअन्दाज गरेनन् ।

# चैते धान रोप्ने घमाधम



ईटहरी/ सुनसरीका किसान यतिबेला चैते (हिउँदे) धान रोप्न व्यस्त छन् । पर्याप्त सिँचाइ सुविधा पुगेका र सिमसार क्षेत्रका किसानलाई हाल धान रोपाइँ गर्न भ्याइनभ्याइ छ ।

जिल्लामा चैते (हिउँदे) र बर्खे गरी दुईपटक धान उत्पादन हुने गरेको छ । मकैभन्दा धानबाट राम्रो उत्पादन हुने र दुईपटक धान लगाउँदा एक बाली बिक्री गरेर आम्दानी गर्न सकिने भएकाले यसतर्फ किसानको आकर्षण छ ।सुनसरीको रामधुनी नगरपालिका-६ का किसान भावना माझीका अनुसार एउटै खेतमा वर्षमा तीनपटकसम्म बाली लगाउन सकिन्छ । चैते धान समयमा रोपाइँ गर्न सकियो भने उत्पादन पनि राम्रो हुन्छ । एउटै खेतबारीमा बर्खे धान, चैते धानका साथै फापर/तोरी लगाइने गरेको उनको भनाइ छ । जिल्लामा हाल चार हजार ६०० हेक्टर क्षेत्रफलमा चैते धान खेती हुने गरेको छ । गत वर्ष चार हजार छ हेक्टरमा गरिएको चैते धानखेतीबाट २३ हजार १६० मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी प्रवीनलाल श्रेष्ठले जानकारी दिए ।

चैते धानमा बर्खे धानको तुलनामा रोग तथा कीरा कम लाग्ने र उत्पादन पनि राम्रो हुने भएकाले किसानको आकर्षण बढ्दो छ । सुनसरीमा विशेषगरी चैते-१, चैते-५ र हर्दिनाथ-३ जातको धान बढी रोप्ने गरिएको छ ।

चैते धानको उत्पादन राम्रो हुने र बजार मूल्यसमेत अनुकूल रहने भएकाले किसानले चैते धानखेती गर्न रूचाउने गरेका छन् । सुनसरीको बराहक्षेत्र नगरपालिका-५, ६ र ७, रामधुनी नगरपालिका-६, ७ र ९, भोक्राहा तथा इटहरीलगायत क्षेत्रमा चैते धान रोपाइँ बढी हुने गरेको छ । नहर तथा पैनी सिँचाइ सुविधा पुगेका र तरकारीखेती कम हुने क्षेत्रमा यस्तो धानखेती बढी हुने गरेको सूचना अधिकारी श्रेष्ठले बताए ।

साहित्य/सिर्जना

# शहीद



◆ शान्त प्रसाद भट्टराई

ज्यादै दुःख पर्यो हरे विचरा पानी नपाई मर्‍यौ ।
नालापानीको युद्धबाट चिनिने बलभद्र कुवर थियौ ॥
कत्ति दुःख पाएको होला जननीको दुर्दशा ठुलो भयो।
पानीसम्म पिएर भए पनि बाँच्ने इराधा थियो ।।।१।।

भक्ति थापा र अमरको बयान, भेटे जतिको गरू।
कोत पर्व भण्डार खालमा, कति मरे वर्णन कहाँ तक गरू ॥
भीमसेन नभई नेपालको नाम राख्नै गाह्रो थियो।
रणबहादुरले प्रशंसा गरी लिए, नाम उच्चा भीमको भयो ।।२।।

कुकर्मीहरूले आखिर महा, जेलैमा मारिदिए।
गंगालाल, धर्मभक्त चार सपुतको झुण्ड्याई मारिदिए।
धन्य नेपाल आमा तिमीले, बीरलाई जन्माईदियौ ।
धेरै सुपुत्र शहीद हुन पुगे, स्वर्णाक्षर लेखी दियौ ।।३।।

देशका निमित्त कत्ति दुःख गरे एकछिन स्तब्ध होऊ।
रत्नकुमार, लक्ष्मी, नेत्र घिमिरे, रामनाथ विभूति बुझिलिऊ ॥
निरंकुश शासन चलाउनेहरूमा शोच विचारै भए।
केही दण्ड दिई पुगने मृत्यु गराई लिए ।।४।।

\- दृष्टि एक सिर्जना अनेकबाट

स्वास्थ्य

# अमलाका छन्, यति धेरै फाईदा

भिटामिन सीको सर्वोत्तम स्रोत मानिने अमलामा तीन सुन्तला बराबर भिटामिन सी एक अमलामा हुन्छ । अमलालाई आयुर्वेदिक औषधिको रूपमा पनि प्रयोग गरेको पाइन्छ । यसमा गालिक एसिड, टान्निक एसिड, सेलुलोज, क्याल्सियम, अल्बुमिन जस्ता रसायनिक तत्व पाइन्छ। यसलाई अचार तथा विभिन्न किसिमका मिठाइहरू बनाउनमा पनि प्रयोग गरिन्छ ।

जाडो मौसममा अमला सेवनका केही विशेष फाइदाहरु छन् । अमलाको सबैभन्दा ठुलो गुण भनेको यसलाई पकाएपछि पनि यसमा समावेश भिटामिन सी यथावत नै रहन्छ । अमलामा क्रोमियम बढी मात्रामा हुन्छ । अमला हरियो होस् अथवा ताजा अथवा सुकाएको भए पनि यसको गुण कहिल्यै कम हुँदैन ।

अमला धेरै गुणकारी हुन्छ । हरेक मौसममा यसको सेवन गर्न सकिन्छ। तर जाडोमा यसको सेवन गर्दा विशेष फाइदा हुन्छ । अमलाको सेवनले रूघा(खोकी, छाला, नेत्र रोग तथा केशका लागि अति उपयोगी टनिक हो ।

**अमला खानुका १० फाइदाहरु**

१. अमलाको नियमित सेवनले शरीरमा पाचन शक्ति बढाउनुका साथै स्मरण शक्ति बढाउन मद्दत गर्छ ।



२. अमलाको सेवनले बुढोपन हुनबाट जोगाउनुका साथै मधुमेह तथा मुटुसम्बन्धी रोग लाग्नबाट बचाउँछ।

३. यसको सेवनले शरीरमा भएका विकार पदार्थहरु बाहिर निकाल्न मद्दत गर्छ ।

४. अमलाको नियमित सेवनले शरीरमा रोग प्रतिरोधात्मक क्षमतालाई मजबुत बनाउनुका साथै रगत सफा गराउन मद्दत गर्छ ।

५.यसको नियमित सेवनले कपाललाई सुन्दर बनाउन मद्दत गर्छ । अमलाको सेवनले केश झर्न कम हुन्छ, यसले केशको जरालाई बलियो प्रदान गर्छ ।

६. अमलाको सेवन गर्नाले रूघाखोकी निको हुनुका साथै पिसाबसम्बन्धी समस्याबाट छुटकारा पाउन मद्दत मिल्छ ।

७. मुटुलाई स्वस्थ बनाउनको लागि जाडो मौसममा दिनहुँ अमला खाने बानी बसाल्नु पर्छ। यसो गर्दा यसले मुटु मांसपेशीहरू बलियो हुन्छ, जसका कारण मुटुले शरीरमा सफा रगत सन्चार गर्न सक्छ र तपाईं स्वस्थ रहनु हुन्छ ।

८. अमला डाइबिटीजको समस्या भएको व्यक्तिको लागि पनि अति लाभकारी हुन्छ। वास्तवमा यो क्रोमियम इन्सुलिन बनाउने सेल्सहरूलाई एक्टिभेट गर्छ र यो हार्मोन्सको काम शरीरमा ब्लड शुगरलाई नियन्त्रण गर्छ ।

९. जाडो मौसममा बिहान खानामा अमलाको अचार अथवा मुरब्बा सेवन गर्नाले तपाईँ वर्षभरि नै स्वस्थ रहनु हुन्छ ।

१०. अमलाको जूसमा मह मिलाएर पिउनाले मोतिबिन्दुको समस्या भएकाहरूलाई फाइदा प्राप्त हुन्छ ।

# दमकमा देवानले खोले 'माया क्याफे'

दमक । दमकका सामाजिक अगुवा गजु देवानले युवा पारखीहरूलाई लक्षित गरि क्याफे सञ्चालनमा ल्याएका छन् । दमक चौंकको भक्त (भिसी) सपिङ्ग कम्प्लेक्समा उनले शुक्रवारदेखि सुविधासम्पन्न ` 'माया क्याफे' सञ्चालनमा ल्याएका हुन् ।

रामनवमीको विशेष अवसर पारेर फूटबल खेलका पूर्व राष्ट्रिय खेलाडी देवानले युवा पारखीहरूलाई लक्षित गरेर व्यवसायिक रूपमा क्याफे खोलेका हुन् ।

उनका अनुसार पछिल्लो समय क्याफे एसीसहितको सुन्दर वातावरणीय रहेकाले पनि क्याफेले उपलब्ध गराउने सवै सेवाहरू उपभोक्ताहरूको मन जित्ने छ । क्याफेमा विशेष गरि कफीका छुट्टै स्वाद संगै आनन्द महषुष गर्ने छन् ।

दमकमा निकै लोकप्रिय बन्दै गएको क्याफेको जीवनशैलीमा छुट्टै व्यवस्थापनमा खोलिएको यस क्याफेले युवाहरूको मन जित्ने दमक तेक्वान्दो डोजाङका अध्यक्ष जितु धिमालले बताए ।

राजनीति रूपमा नेपाली कांग्रेस दमक १ का सभापति , दमक खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका सदस्य लगायतका विभिन्न सामाजिक क्षेत्रमा सक्रिय देवानले आफना दिवंगत श्रीमतीको स्मृतिमा माया क्याफे खोलेका हुन् । तीनवर्ष अघि श्रीमती गुमाएपछि समाजसेवी देवानले दमकमै किरात राई यायोक्खाको कार्यालय परिषरमा प्रवेशद्धार निर्माण गरिदिएका छन् ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## ज्ञान सागर

२००) नेपालले श्रम सम्झौता गरेको पहिलो राष्ट्र कुन हो ?
उत्तर :- कतार
२०१) जन-आन्दोलन २ मा सहिद हुने एकमात्र विदेशी को हुन ?
उत्तर : मोजम्मद जागिर (भारत)
२०२) गैर आवासीय नेपाली दिवस कहिले मनाईन्छ ?
उत्तर :- अक्टोबर ११
२०३) विश्वमै दुर्लभ मानिएको हिलेकावा चरा नेपालको कुन राष्ट्रिय निकुञ्जमा पाईन्छ ?
उत्तर :- चितवन रा.नि
२०४) एपोलो अभियानको घोषणा गर्ने अमेरिकी राष्ट्रपति को हुन ?
उत्तर :- जोन एफ. केनेडी
२०५) निलगाईलाई अर्को के नामले चिनिन्छ ?
उत्तर :- घोडगधा
२०६) नेपालमा पहिलो डल्फिन महोत्सव कहिले र कहाँ सम्पन्न भयो ?
उत्तर :- वि.स २०६३ श्रावण ४-६ कैलाली,
२०७) भुगोल शब्द ग्रिक भासाको कुन शब्दबाट लिईएको हो ?
उत्तर : न्भयनचबाभष्ल शब्दबाट
२०८) एसिया र युरोप दुवै महादेशमा फैलिएका देश कुन कुन हुन ?
उत्तर : रुस र टर्की
२०९) एसिया र अफ्रीका महादेशको बिचमा लालसागर छ, भने एसिया र उत्तर अमेरिका महादेशको बिचमा कुन सागर रहेको छ ?
उत्तर : बेरिङ सागर
२१०) क्यास्पियन ताल कुन दुई देशको बिचमा पर्दछ ?
उत्तर : इरान र रुसको बिचमा

आर्थिक

# सुन खरीदमा देखिएन रूची

दमक । पाथीभरामा दर्शनार्थीले चढाएको सुन लिलामीका लागि पाँचौ पटक सूचना जारी गरिएपनि आवेदन परेको छैन ।

मन्दिरमा संकलित सुन रिफाइन गरि पाथीभरा क्षेत्र विकास समितिले लिलामीका लागि सिलबन्दी बोलपत्र आह्वान गरि पटकपटक सूचना जारी गर्दा समेत कुनै आवेदन नपरेको हो । समितिसँग मौज्दात रहेको एक सय ७८ तोला ८२ लाल सुन लिलामीको लागि सूचना जारी गरिएको भए पनि आवेदन नपरेको समितिका सूचना अधिकारी नवीन निरौलाले जानकारी दिए । उनका अनुसार समितिले गत गत फागुन २१ गते १५ दिने सूचना जारी गरि प्रतितोला न्यनतम तीन लाख १५ हजार चार सय रूपियाँबाट बढेर सिलबन्दी बोलपत्र पेश गर्न आग्रह गरेको थियो ।

१५ दिने सूचना जारी गरिए पनि कार्यालयमा कुनै आवेदन नपरेकाले सुन लिलामी हुन नसकेको बताइएको छ । समितिले लिलामीको लागि चालु आर्थिक वर्षमा दुई पटक र गत आर्थिक वर्षमा तीन पटक सूचना जारी गरेको थियो । चाँदी भने चौथो पटक सूचना गर्दा गत पुष अन्तिम साता लिलाम भएको छ । समितिसँग रहेको पाँच हजार दूई सय ९८ तोला चाँदी प्रतितोला चार हजार तीन सय रूपियाँमा लिलाम भएको समितिले जनाएको छ

## दैनिक राशिफल

आज मिति
२०८२ साल
चैत्र १५ गते
आइतबार
29 Mar.2025
तिथि : एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | च चे चो ला लि लु ले लो अ | धन लाभ हुने दिन । मन भने चिन्तित । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | व्यवसायबाट राम्रै कमाई । नशा सम्बन्धी सामान्य समस्या । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सन्तानबाट सुख, धन लाभ । बोलीमा समस्या। |
| | हि हु हे हो डा डि डु डे डो | पारिवारिक समस्या । बाहिरी क्षेत्रबाट केही लाभ । |
| सिंह | | भाईबहिनीबाट सहयोग । आम्दानी बढ्ने । |
| कन्या | | बोलीले शत्रु, सामान हराउने । शिक्षामा प्रगति । |
| | रा री रु रे रो ता ती तु ते | शीरको चन्द्रमाले धन लाभ । उत्तम खाना । |
| वृश्चिक | तो ना नि नु ने नो या यि यु | धर्म कर्ममा खर्च गर्ने । पढाईमा सफलता । |
| धनु | ये यो भा भी भु धा फा ढ भे | दिदीदाजु, काकाको प्रगति । राम्रो लाभ । |
| | भो जा जी खि खु खे खो गा गी | सरकारको सहयोग । आम्दानी बढ्ने । |
| कुम्भ | गु गे गो सा सी सु से सो द | मन अलिक डराउने । आम्दानी सामान्य । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | शत्रु बढ्ने । सामान्य धन, लाभ । |

## जयबहादुर श्रेष्ठको "के दिऊँ तिमीलाई ?"
# कविता संग्रह विमोचन



दमक/ शैक्षिक व्यक्तित्व जयबहादुर श्रेष्ठको साहित्यिक कृति 'के दिऊँ तिमीलाई ?' शनिबार एक कार्यक्रमका बिच विमोचन गरिएको छ । मदन पुरस्कार विजेता साहित्यकार तथा समालोचक प्राध्यापक डाक्टर दयाराम श्रेष्ठले सो कृतिको विमोचन गरेका हुन् । विमोचनमा दमक प्रज्ञा प्रतिष्ठानका अध्यक्ष प्रा.डा. गोपाल भण्डारी, साहित्यकार चन्द्र भण्डारी, शिव रेग्मी प्रणत, दमक नगरपालिका शिक्षा समिति अध्यक्ष तथा वडा नं. ९ का वडाध्यक्ष कुवेर भट्टराई, कृतिकार श्रेष्ठ र निजकी श्रीमती शलुजा श्रेष्ठ लगायत दमकका साहित्यकार तथा सामाजिक व्यक्तित्वहरूले साथ दिएका थिए ।

विमोचित कृतिमा ५२ वटा कविता र १८ वटा गीत समेटिएको छ । खासगरी यसलाई कविता संग्रहको रूपमा लिइएको छ । आफूले ५८ वर्ष अगाडि कक्षा ७ मा भोजपुरको एक विद्यालयमा पढाएको शिष्यले कविता कृति सिर्जना गरेर प्रकाशन गरेकोमा खुशी लागेको कार्यक्रमका प्रमुख अतिथि प्रा.डा. दयाराम श्रेष्ठले बताए । उनले आफूले पढाउँदा भविष्यमा कवि बन्ने कुनै आभास नपाएको तर समयकालमा कवि व्यक्तित्वका रूपमा निस्किएको कुरालाई 'वृक्षमा फल फल्न समय लाग्छ' भन्ने हिसाबमा मूल्यांकन गरेको विचार व्यक्त गरे ।

कृति विमोचन कार्यक्रममा बोल्दै साहित्यकार चन्द्र भण्डारीले कवि श्रेष्ठ आफ्नो कीर्तिपुरमा स्नातकोत्तर पढ्दाको अनन्य मित्र भएको र उनी कविका हिसाबमा एक देशभक्त भएको धारणा राखे । कृतिमाथि समीक्षा गर्दै साहित्यकार शिव रेग्मी प्रणतले लामो समय सम्मका सिर्जनालाई समेटेर कविता संग्रह निकाल्नुनै ठूलो कुरा भएको बताए । कृति उत्कृष्ट र समाजका विविध पक्ष समेटिएको बहुआयामिक भएको उनको भनाई थियो ।

कृतिकारकी श्रीमती शलुजा श्रेष्ठ प्रकाशक र कार्यक्रमको अध्यक्ष रहेको कार्यक्रममा स्वागत मन्तव्य कृतिकारका छोरा तथा झापा मोडल अंग्रेजी मा.वि.का प्रिन्सिपल सागर श्रेष्ठले गरेका थिए । सहभागी विद्यार्थीहरू अभिमन्यू चापागाई र प्रज्वल पाठकले विमोचित कृतिमा रहेका २ वटा कविता वाचन गरेर सुनाएका थिए । झापा मोडलको विद्यार्थीहरूले स्वागत गान पनि गाएका थिए । कृतिकार श्रेष्ठले आफूले धेरै अघि देखि लेखेका कविताहरूलाई संग्रह गरेर प्रकाशनमा ल्याएको प्रष्ट पारे । कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठलाई कृतिकार र कृतिकार श्रेष्ठलाई झापा मोडलका शिक्षक शिक्षिकाहरूले सम्मान गरेका थिए । कृतिकार श्रेष्ठ दमक(८ स्थित झापा मोडल अंग्रेजी मा. वि.का संस्थापक निर्देशक हुन् । कार्यक्रमको संचालन कवि धनकुटे कान्छाले गरेका थिए ।

**ओली....**तथा नेपाली कांग्रेसका नेता रमेश लेखकलाई नेपाल प्रहरीले पक्राउ गरी २ नं गण महाराजगञ्जमा राखेको छ । उनलाई शनिबार बिहान भक्तपुरको कटुञ्जेमा रहेको निवासबाट पक्राउ गरिएको थियो । नेता लेखकलाई २ नं गण महाराजगञ्जमा राखिएको पारिवारिक स्रोतले जनाएको छ । नवयुवा आन्दोनलको छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की संयोजकत्वको आयोगले दिएको सिफारिस कार्यान्वयनका सिलसिलामा उनलाई पक्राउ गरिएको प्रहरीको भनाइ छ । नवयुवा आन्दोलनका क्रममा निजी निवास आगजनीबाट क्षतिग्रस्त भएपछि उनी सूर्यविनायक नगरपालिका(५ कटुञ्जेमा रहेको भाडाको घरमा बस्दै आएका थिए ।

**कानूनी उपचारमा जाने**

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक पक्राउ परेलगत्तै उनीहरू निकटका कानुन व्यवसायीहरूले कानुनी उपचारको प्रक्रिया थालेका छन् । पूर्वाग्रही रूपमा र प्रक्रिया मिचेर ओली र लेखकलाई पक्राउ गरिएको भन्दै उनीहरूले आइतबार बिहान अदालत खुलेलगत्तै बन्दीप्रत्यक्षीकरणको निवेदन दिने तयारी गरेका हुन् । कुनै पनि व्यक्तिलाई गैरकानूनी पक्राउ गरेको लागेमा उही व्यक्ति वा उनका नजिकका नातेदारले अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिन पाउने संवैधानिक व्यवस्था छ । अदालतले गैरकानूनी रूपमा पक्राउ भएको ठम्याएमा रिहा गर्ने आदेश दिनसक्छ ।

वरिष्ठ अधिवक्ता एवं तत्कालीन महान्यायाधिवक्ता रमेश बडालले आफूहरूले सबै कानुनी लडाइँ थाल्ने र त्यसको छलफल समेत सुरू गरिसकेको बताए । वरिष्ठ अधिवक्ता टिकाराम भट्टराईले पक्राउ गरिएका कतिपय सन्दर्भहरू नमिलेकाले कानूनी उपचार खोज्ने तहको परामर्श शुरू भइसकेको जानकारी दिए ।

**कांग्रेसको प्रतिक्रिया**

नेपाली काँग्रेसले २०८२ साल भदौ २३ र २४ गते भएका घटनाका सम्बन्धमा सरकारलाई कानुनी प्रक्रिया पालना गर्न र आवेग तथा उत्तेजनामा नआइ निष्पक्ष ढंगले कारबाही अघि बढाउन आग्रह गरेको छ। पार्टीले पछिल्लो समय सरकारबाट भएका निर्णय र कारबाहीको शैली 'सेलेक्टिभ' र पूर्वाग्रही देखिएको भन्दै यसले विधिको शासन कमजोर बनाउन सक्ने चेतावनी दिएको छ।

**नेपाली कम्युनिष्ट पार्टी**

दमक । नेपाली कम्युनिस्ट पार्टीले नवनियुक्त प्रधानमन्त्री बालेन (बालेन्द्र) शाह तथा उनको नेतृत्वमा बनेको मन्त्रिपरिषद्लाई बधाई दिँदै सफल कार्यकालको कामनासाथ सरकारको प्रारम्भिक निर्णयप्रति भने चासो व्यक्त गरेको छ। विशेषगरी भदौ २३ र २४ का घटनाको छानबिनका लागि गठित कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा सरकारले अपनाएको प्रक्रियामाथि प्रश्न उठाइएको छ। पार्टीले कुनै पनि कदम चाल्दा विधिको शासन, कानुनी प्रक्रिया र निष्पक्षताको सिद्धान्त कायम राख्नुपर्नेमा जोड दिएको छ । गणेशमान पुनद्वारा हस्ताक्षरित विज्ञप्तिमा सरकारले राजनीतिक पूर्वाग्रह नराखी निर्णय लिनुपर्ने उल्लेख गर्दै न्यायिक प्रक्रियालाई कमजोर बनाउने वा द्वन्द्व बढाउने खालका गतिविधि नगर्न आग्रह गरिएको छ। साथै, कारबाहीका नाममा राजनीतिक प्रतिशोधको झल्को देखिन नहुने चेतावनी पनि दिइएको छ ।

**तरूण दलको चेतावनी**

नेपाल तरूण दलले पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकको पक्राउप्रति भर्त्सना गरेको छ । तरूण दलका केन्द्रीय अध्यक्ष विद्वान गुरूङले एक प्रेस विज्ञप्ति जारी गर्दै उक्त पक्राउलाई 'राजनीतिक प्रतिशोध र पूर्वाग्रह'को पराकाष्ठा भएको आरोप लगाएका छन्। विज्ञप्तिमा भनिएको छ, 'यस्ता एकपक्षीय र दुराशयपूर्ण कदमहरूले लोकतान्त्रिक मूल्य र विधिको शासनमाथि ठाडो प्रहार गर्नुका साथै देशलाई अनावश्यक द्वन्द्व र अस्थिरतातर्फ धकेल्ने गम्भीर खतरा उत्पन्न गराएको छ ।'

तरूण दलले वर्तमान सरकारलाई आफ्ना निर्णयहरु पुनर्विचार गर्न र विधिको प्रक्रियाअनुरूप पारदर्शी तथा निष्पक्ष ढङ्गले अघि बढ्न चेतावनी दिएको छ । साथै, राजनीतिक सहिष्णुता कायम राख्न र देशको स्थायित्वका लागि गम्भीर बन्न पनि सरकारको ध्यानाकर्षण गराइएको छ ।

**प्राच्य....** अपुरो हुने भएकाले नयाँ पुस्तामा वैदिक ज्ञान र प्राचिन विज्ञानबारे जानकारी गराउन आवश्यक रहेको जनाए ।

कार्यक्रममा दमक बहुमुखी क्याम्पसका प्राध्यक्षक डा. अरूणकुमार श्रेष्ठले समाज विज्ञानका विभिन्न विषय समेटिएको कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा विभिन्न अध्येता, प्राध्यापक, शिक्षक लगायत समाजका विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको संस्थाका सचिव कृष्णप्रसाद भण्डारीले जानकारी दिए ।

**हावाहुरी...**प्रारम्भिक विवरणमा उल्लेख छ । यद्यपि, यस घटनाबाट मानवीय क्षति भने नभएको जनाइएको छ । स्थानीय प्रशासन र प्रहरी टोलीले प्रभावित क्षेत्रको निरीक्षण गर्नुका साथै थप विवरण संकलन तथा मूल्यांकन कार्यलाई तीव्रता दिएका छन् ।

**चैत...**र अन्य ७ जना परीक्षामा सहभागी हुने उनले जानकारी दिए । उनका अनुसार जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिँदैछन् ।

यो वर्ष कोशी प्रदेशबाट ८२ हजार ४८७ विद्यार्थी परीक्षामा सहभागी हुनेछन् ।

**एकै दिन...**प्राधिकरणका अनुसार, ललितपुर, रूपन्देही र सल्यानका विभिन्न जंगलमा डढेलो लागेको थियो । यस्तै, बर्दिया, रूकुम पूर्व, दाङ, रूपन्देही, बाग्लुङ, कास्की, ललितपुर, काभ्रेपलान्चोकका एक एक स्थानमा आगलागीका घटना भएका छन् । रौतहट, मोरङका दुई दुई स्थानमा आगलागीका घटना हुँदा सुनसरी, उदयपुर, सिरहाका एक एक स्थानमा पनि सामान्य सावधानी नअपनाउँदा ठूलो क्षति भएको छ ।

यस्तै, कञ्चनपुरमा सर्पको टोकाइबाट दुई जना घाइते भएका छन् । पदयात्रामा गएका दुई पदयात्रीलाई मुस्ताङमा लेक लागेको छ । पाँचथर, भक्तपुर, नवलपरासी पूर्व र गुल्मीमा भने जनावर आक्रमणका घटना भएका छन् । प्राधिकरणले विपदमा जोगिन पूर्व सावधानी अपनाउन आग्रह गरेको छ ।

### अन्तर्राष्ट्रिय

## मध्यपूर्व वार्ताको मध्यस्थता गर्दै पाकिस्तान

एजेन्सी । पाकिस्तानले मध्यपूर्वको युद्ध सामाधानार्थ वार्ताको लागि साउदी अरेबिया, टर्की र इजिप्टका विदेश मन्त्रीहरु इस्लामाबादमा आउने तयारी भएको जनाइएको छ । पाकिस्तानी विदेश-मन्त्री इशाक दारले आफ्ना समकक्षीहरूलाई आमन्त्रित गरेका थिए भने उनीहरु आइतबार र सोमबार पाकिस्तानी राजधानीमा हुने बताइएको छ ।

भ्रमणको क्रममा विदेश मन्त्रीहरूले यस क्षेत्रमा तनाव कम गर्ने प्रयास सहित विभिन्न विषयमा गहन छलफल गर्ने विदेश मन्त्रालयले विज्ञप्ति मार्फत जनाएको छ । विदेशमन्त्रीहरूले पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफलाई पनि भेट्ने कार्यक्रम रहेको बताइएको छ । विदेश मन्त्रालयको स्रोतले यसअघि सोमबार वहु-पक्षिय बैठक हुने र प्रतिनिधिमण्डल आइतबार साँझ सम्म पाकिस्तान पुग्ने अपेक्षा गरेको जनाएको थियो ।

## रित्तिँदै भारतको तेल भण्डार

एजेन्सी/ भारतको रणनीतिक कच्चा तेल भण्डारले हालको अवस्थामा करिब पाँच दिनको मात्रै माग धान्न सक्ने देखिएको छ । बीबीसीको विश्लेषणअनुसार कुल भण्डारण क्षमताको एक-तिहाइभन्दा बढी हिस्सा अझै खाली रहेकाले यस्तो अवस्था देखिएको हो । सन् २०२५ मा सार्वजनिक गरिएको भारतको नियन्त्रक तथा महालेखा परीक्षक (सीएजी)को अडिट प्रतिवेदनले पनि यी भण्डारण संरचनाहरु वर्षौंदेखि पूर्ण रूपमा प्रयोग नभएको उल्लेख गरेको छ । हालै इन्धन अभावको आशंकाले भारतका विभिन्न सहरहरूमा सर्वसाधारणबीच आत्तिएर किनमेल गर्ने प्रवृत्ति बढेको छ । तर केन्द्र सरकारले भने पेट्रोल र डिजेलको पर्याप्त मौज्दात रहेको जनाएको छ । राज्यसभामा सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले भारतसँग कच्चा तेलको पर्याप्त भण्डार रहेको विश्वास दिलाएका छन्। उनले आयातका स्रोतहरु विविध बनाइएको र संकटसँग जुध्न भण्डारणलाई प्राथमिकता दिइएको बताएका छन् ।

### मौसमी हास्य-व्यंग्य

# झाँगे पनि बा र देउवासँगै इतिहासमा लेखिन चाहन्छ अरे !

-: व्यंग्यनारन पाँडे :-

बाहिर घाम तातिरहेको भए पनि रातीको हावा-पानीले बिहान निकै जाडो थियो । नियमित नुहाइ-धुवाइ सकेर बरण्डाको घाममा निस्कँनै लाग्दा त्यहाँ कोही आएर बोलेको सुन्यो पाँडेले । साँच्चै बरण्डामा त, कमरेड हरिराम पुरेत बाजेले, गत भदौ २४ गतेको दिनका शेरबहादुर देउवाको जस्तै हालतमा ऐंसेलु झाँगेलाई ल्याएर खाली भूइँमा थ्याच्च बसाएका रहेछन् । झाँगे चाहिँ दुई घुँडाको बीचमा टाउको निहुराएर, जाडोमा खिच्चा कुकुरका छाउरा चुइँके झैं, चुइँ-चइँ चुइँकिँदै लामो-लामो सास फेरिरहेको रहेछ ! टाउकोतिरबाट रक्ताम्मे, कपडा पनि लथालिङ्ग रगतै, नाक र आँखाबाट समेत रगत मिश्रित पानी र मुखबाट राल काड्दै रहेछ ! यो दृश्य झट्ट देख्ता 'जेन-जीले शेरबहादुर देउवाको धुलाइ' गरेको सत्यकथामा आधारित फिल्म सुटिङ भइरहेको र ऐंसेलु झाँगे मुख्य अभिनेताको भूमिकामा प्रस्तुत भइरहेको जस्तो भान भयो पाँडेलाई !

यसका साथै, ऐंसेलु झाँगेको सदासर्वदाको लिच्चड, अचाड्, डेउढो र हावादारी घमण्ड गरेर हेप्ने व्यवहारबाट वाक्क भएको पाँडेको भित्री मनले भने भनिरहेको थियो - "आज चाहिँ भेटेछ डेढको भाउ ! कसले हो कोनि, ठिक्क पारेछ यसलाई !... तर, नेताले जनताका दुःखमा गोहीको आँसु काड्ने गरे झैं देखावटी आत्तिएको चिप्लो अभिनय गर्दै भन्यो -"अप्पुइ..., हन के भो यस्तो ?... लु हेर त ! ...आम्मइँ नि विचरा !"

हरिराम पुरेत बाजेले भने -"म समेत हामेरको पाटी पिछिल्लो बर्ख पाओरमा भाको गोल्डिन ट्याममा हामेरकै हन्जामा यो झाँगे पनि कम्रेट गर्दैथ्यो र उबेलादेखुन् नै यस्लाई कुन दिन एस्तै हुने कुराको भबिस्सेक थ्यो एस पढ्केको । कैले के भएँ भन्थ्यो, कैले के भएँ भन्थ्यो र भइँमा खुट्टै थेनन्, मान्छेलाई मान्छेइ गनोस् त मर्रिजौं । खपिसक्नु थ्यो त एस पढ्केको गतिबिदि ? इ अैले ज्यान्जी उमेरका लडका-लडकीलाई टेरेनछ र भेटो नि राम धुलाइ हो कि धोभी धुलाइ ! यो दिन आउनै पो ढिला भ'को हो त ! यो दिन उइलेइ आउनु आबसेक थ्यो एस पढ्केका लागि भन्छु म चीँ !"

पाँडेले सोझो सोध्यो -"हुन चाहिँ के भएको हो ?"

हरिरामले कैरन लाए -"पपरैबड चर्चो सुने अन्सार चइँ यो एक लम्बरको घमण्डी पढ्केले हिज्आज जोतिसी गर्न थालेको डङ्का पिट्तै ठग्ने पेसो लिया छ अरे । एउडा डिसन्यारी कि के भन्ने कितापलाई जोतिसी साश्रको पोस्तक भनेर रातो कपडामा पोको पारेर बोक्थ्यो अरे र घराड निकसेसि पैलीबड सुटुक्कसँगले कैलु बेहारीको रक्सी दुकान भिजिटेर टुइँक्क हुन्थ्यो अरे । अनित्याँड एउडा हाताँ झर्के थाल र आर्को हाताँ एउडा रडको टुक्रोको गजो बोकेर थाल ठ्याङठ्याङ र ठुङठुङ बजाउँदै गाउँमा पसेर बिचारा गाउँलेलाई ठग्न थालेको थ्यो अरे । ती क्या त, बेहारी कुँडाकर्कटेले, सुतेर निदाइराखेका, बालख-बालख्नीहेरू बिम्जिने खाल्को भालुभुत्ते सोरले हल्ला गर्दे 'पुर्ना कागत', 'पुर्ना लोआ', 'पुर्ना पालास्टिस' इत्तेदि थोत्राको नाम भन्दै गाउँ थर्का'र एभ्रटाइच गर्दैनन् ? हो तेस्तै एल्ले पनि -"ए गामबासीहेरू, लौ आउनु भो हए जोतिस हेरेर फटाफट भभिसेक भन्नसक्ने ओल फ्यामोस् जोतिसी ! तपइँहेरू आ-आफ्ना चिना-टिप्पण, फल्फूल, गुल्यागुल्या हलेदो-फलेदो र जेथासक्के दच्छिना त्याडी राख । यो जोतिसीले ढिलोढालो पटक्कै मुन प्राउँदैन हए !" भन्थ्यो अरे अनि घर-घरमा पस्तै तेस घरको नालीबेली भटटटट भट्याउँथ्यो अरे । अनित्याँड....

पाँडेले बीचैमा फेरि फ्यास्स सोध्यो -"सबै घरको नालीबेली यिनलाई कसरी थाहा हुन्थ्यो ? मेरो मतलब..."

हरिरामले पाँडेलाई उछिन्दै भने -"लाखे न, भन्दैछु त ! अनिखेर, अगिल्ला दिन जुन-जुन घराँ उस्ले जेतिसी गर्छ तेस-तेस घरका ओल्लो-पल्लो र तल्लो-माथ्लो छिमेक घरमा को-को छन्, कति छोरा-कति छोरी छन्, तीमद्दे कतिको बिहा भ'को र कतिको भा'छैन, नयाँ नानी जन्मेको छ-छैन, तो घरको को-को मरे, कैले मरे इत्तेदि इन्फोरमिसन लिँदो रच र भोलिपल्ट ती-ती घराँ पस्नासाथ नालीबेली कैरन लाउँदो रच क्या। तेति भएसि ऊ माहाँजान्ने फस किलासको जोतिसी रच भनेर ती गाउँ-घरकालाई पर्भाउ पर्दैन त अन्तखेरि ? हो तेसरी ठग्दो रच यो पढ्केले । अैले ज्यन्जीको देउता जागेर कलिला केटाहर्मा छ्यालब्याल छ र एस पढ्केको तेस्तो अतिचारलाई त नज्यन्जीले नै पनि छेमा र 'एस्कुज मी' के दिन्थे त ? र, आज्ज चइँ अैले बेहानै कैलु बेहारी मोराको भट्टे दुकानमा यो पढ्केले ऐंठन-पानी तानिराख्या ट्याममा ओरिपरका केइ मान्छे र केइ बेहारीहेरू एक-जइन् भ'छन् र झ्याप्प घेरेर 'दे दनादन'-को दनक देका रछन् बिहोस भउन्जेल । म पनि आज बेहानै हरहर तिर्खा लागो र उइ कैलेको दुकानमा तिस्ना मेट्न जाँदो भएँ । सो बाइ-चानसमा पो सोइ दुकानकै रछेनमा एस पढ्केलाई फ्याँकिराख्या भेटेर मान्नौताका नाताले एता तपइँकाँ सुरच्छित गर्न लेराको ।.... हुन त कैलु बेहारी मोरो, जुँगाको रेखी बसेकादेखुन् चाडा नानीको बाऊसम्मलाई सुद्द ज्यन्जी नै भन्छ । तेस्ले भनो भन्दैमा यो कुटाइ ज्यन्जीबडै भ'को हो भन्ने कौनै पर्मान चइँ छैन हए पाँडेजी ! अच्कल कुनै पनि घटना भयो कि ज्यन्जीको नाम लिने प्रम्प्रा पनि बसिरछ हए फेरि । आ... जल्ले गोदेको भा पनि गोद्न चइँ सारै मन लाएरै अस्ति भदौमा शेरबादुर दाइलाई जइसइ गोदेको त हुन् नि मजासँगले । होइन्त ?"

यत्रोबेर केही नबोलेको घाइते ऐंसेलु झाँगेले अहिले शरीरका दुखेका अंगहरू छाम्दै र अनुहार चाउरी पारेर कन्दै भन्यो -"इ पँडित हरिराम नभा त म तेइ रछेनमै मर्ने रचु केरे ! इनले मलाई पढ्के-सडके जे नै भने पनि सुन्छु आज्ज चइँ, इनको यो गुनका कारन । अैले म बोल्नसक्ने थें भने मैले जान्या थ्यो बोल्न र मुखभरिको जुआप घुराउन, तर सक्ने अबस्ता छैन मेरो रै भा पनि मरिगएँ भने साछी किनारका सदर गर्ने तपइँहर्का समच्छे स्यानो भन्तब्बे-बक्तव्वे जे भने नि व्याक्त गर्न चा'न्छु !" यति भनेर उसले आँसु काडेर लामो सिँगान तान्यो र रुदै भन्दै गयो -" र, पैला इ इनै हरिरामसँग कम्रेट गर्दाखेरिका 'बा'-ले केटाकेटीलाई रम्माइलो होस् भन्-र हेल्लिकाप्टरमा अक्कासको खुल्ला बाटोमा उडेर भागेको दिर्स्य देखाका भन्थे नि ? हो तो दिस्य झल्झल्ती मेरा आँखाँ आइराख्या छ ! हामेरको झापामा हेल्लिकाप्टर भाडामा पाइँने भा त म पनि भाडा तिर्न नसक्ने ज्यान त थि'न नि !...अनिखेर, उनै बा'ले हालै एउडा इन्टेरभिउमा -"अङकार भन्ने जिनिस कसैले गर्नु हुँदैन" भन्ने अर्ति हुकम भइरछ र अस्तिको एलेक्सिनको भोटदेखुन् म बा'को नाताबड आफै गेटाउटमा बस्या छु र भा पनि बा'को सो-उक्त कुरा मान्दै मैले अङकार र घमन नगर्ने निर्लय गरिरछु । नत्र मैले एत्रो कुटाइ खाँदा म चूप लागेर बस्ने पर्सनालिटिक काँ हुँ र ! मेरो भन्तव्वेको अइप्राए के भन्लाउ भने - आज मलाई एत्रा मेरा रइती-रइतान बस्ने ठाममा नाथे चाडा छेरौटीले दुब्लाका बाखे पाठा जइसा लडकाले बालिनले केप्पी बा'लाई हराए जइसइ हराए । अस्ति भदौमा, पापान खेप पर्दानमन्त्री खाइसकेका बूढा शेर्बादुर दाइलाई लादी फर्किन्जेल कुटेर थाङथिलो पारे भ्याइँ मलाई पनि लथालिङ्गै पारेका छन् । स्याम् टु स्याम् ! ती बा'लाई बालिन-पाटीले हरा'को कथा र शेर्बादुरलाई कुटेर मर्लान्त परेको कथा नेपालको हिस्टी-इत्यासमा लेखिने सिउरली भ'कै छ । हो तेइ पन्नामा मेरो आजको कथा लेखिन अन्निबार्जे छ कि छैन यो लो'तान्त्रिक गन्तन्त्राँ ? अब म पैला जइसो एस छेत्रको एरिआमा खुट्टो टेक्न सक्तिन र भा पनि देशको हिस्टीमा अब्ब पनि मेरो नाम ह्वाँ'रूसँग आएन भने मैले एत्रो कुटाइ खाको के काम लागो त ? र, अन्तिमको लास्-टमा म तपइँहहेरू र तपइँहेरू मार्पत सप्पै नेपाली जन्ताहर्लाई भन्न चा'न्छु कि कसैले पनि घमन र अङकार गर्नु हुँदैन । जस्तो कि यत्रो ज्यानमारे कुटाइ खाएर पनि मैले कौनै घमन र अङकारी बाक्के मेरा मुखाड निकालेको छैन । म पनि बा र देउबा जइसै बिटिस्ट पर्सनालिटिक हुँ कि हुइँन रचु त हँ ? यो कुरो मैले मेरा भूतपूर्वक बा'बड सिक्या हुँ । जे भा पनि मेरो नाम नेपालको नयाँ-नुतन हिस्टीमा आउनै प्रछ, नाइ त भने ती बा र देउबाको पनि आउनु हुँदैन ! मेरो भन्तब्बे-मन्तब्बेको दिउल भन्या , बास एत्ति नै हो - मान्छेले अङकारी हुनु चइँ हुँदैहुँदैन भन्ने दिव्वे ज्ञान ती मेरा भूतपूर्क बा'बड सबैले सिकुन्, अघाउन्जी सिकुन् ! अब म बिहोस् भएँ हए, बिहोस् भएँ... "

अनि ऊ हात-गोडा फ्याँकेर लम्पसार भयो ! पाँडे र हरिराम हेरेका हेरेकै । थैट !!....


## श्री जीवन स्मृति प्रतिष्ठानको सूचना

यस प्रतिष्ठानको वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा गर्ने निश्चय गरिएको हुँदा प्रतिष्ठानका सम्पूर्ण सदस्यहरुमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

तपशिल

मिति : २०८२/१२/२१ शनिबार
स्थान : संस्थाको कार्यालय रहेको, प्राच्यविज्ञान अनुसन्धान संस्थान, ऋतम्भराकुञ्ज, दमक-४ को सभाहल, डिपुचोक
समय : दिनको ११.०० बजेदेखि

सचिव
शंकर चापागाई
(धनकुटे कान्छा)
९८४२६३१६०१

अध्यक्ष
भूमिप्रसाद दाहाल
९८४२६२९२७१

श्री जीवन स्मृति प्रतिष्ठान,
दमक, झापा

अत्याधुनिक उपकरण र अनुभवी दन्त विशेषज्ञहरूद्वारा दन्त उपचार सेवाका लागि



आमा डेन्टल केयर प्रा. लि.
दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर :023-572643/9814912500
दमक-१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर :023-577816
नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०